नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(.................................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति : २०७५।०५।२७

## प्रेस विज्ञप्ति

आज मिति २०७५ भाद्र २७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको आयोजनामा विभिन्न मन्त्रालय र केन्द्रीय निकायका प्रतिनिधिहरू बीच सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक् नम्बर सहितको राष्ट्रिय परिचय पत्र उपलब्ध गराउने सरकारको नीति बमोजिम निकट भविष्यमै वितरण गर्न थालिएको राष्ट्रिय परिचयपत्रमा रहने विवरणलाई अन्य सार्वजनिक निकायले प्रदान गर्ने सेवा सँग एकीकृत गर्ने विषयमा वृहत् छलफल सम्पन्न भयो ।

छलफलमा भाग लिदै राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रका प्रमुखले व्यक्तिका वैयक्तिक र जैविक सूचनालाई आधिकारिक रुपमा संकलन गरी प्रत्येक नागरिकलाई एकअर्कासंग मेल नखाने (Unique) परिचय नम्बर दिई बहुउपयोगी र आधुनिक प्रविधियुक्त राष्ट्रिय परिचयपत्र वितरण २०७५ को कार्तिक मसान्तबाट सुरु गर्ने योजना रहेको बताउनु भयो । उहाँले राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रले वितरण गर्न लागेको राष्ट्रिय परिचय पत्रको विवरण अन्य सार्वजनिक सेवासँग आबद्ध गरी एकीकृत सेवा प्रवाहको व्यवस्था गर्ने विषयमा सबैको साझा प्रयास अनिवार्य भएको बताउनु भयो ।

त्यस्तै विभिन्न मन्त्रालय लगायत अन्य निकायका प्रतिनिधिज्यूले आफ्नो निकायले प्रवाह गर्ने सेवालाई राष्ट्रिय परिचयपत्रको व्यवस्थापन प्रणालीसँग एकीकृत गर्न मिल्ने विविध क्षेत्रहरूको बारेमा उल्लेख गर्दै आगामी दिनमा आफ्नो निकायले प्रदान गर्ने सेवाको सरलीकरण र गुणस्तर बढोत्तरीको सन्दर्भमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रसँग समन्वय गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्तमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव केदार बहादुर अधिकारीले सबै निकायले आफूले प्रदान गर्ने सेवा राष्ट्रिय परिचय पत्रको प्रणालीसँग आबद्ध गर्न मिल्ने गरी विकास गर्न आग्रह गर्नुभयो । उहाँले २०७५ को चैत्रसम्म आफ्नो निकायले कुन कुन सेवा प्रवाहको लागि राष्ट्रिय राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रसँग सहकार्य समन्वय गर्न सकिने हो सो विषयको जानकारी २०७५ भाद्र ३० गते भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा पठाउने व्यवस्था गर्न आग्रह गर्दै राष्ट्रिय परिचयपत्रको तयारी, वितरण र प्रतिफलको उपयोग गर्ने अवस्थाको निर्माणका लागि सकृय सहयोग र समन्वय गर्न सहभागी सबैमा अनुरोध गर्नुभयो ।

२०७५।५।२७

(विनोद बहादुर कुँवर)
प्रवक्ता, सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np